सिम्ता गाउँपालिका

# राहत  वितरण मापदण्ड सम्बन्धी कार्यविधि, २०७७

गाउँपालिका बाट पमाणित मिति २०७७/०१/१६

कोभिड-१९ को सम्भावित संक्रमणको कारण उत्पन्न प्रतिकुल अवस्थाबाट प्रभावित असङ्गठित क्षेत्रमा कार्यरत श्रमिकवर्ग तथा असहायहरुलाई दैनिक जीवनयापनको लागी स्थानीय तहबाट राहत उपलब्ध गराउने गरी सिम्ता गाउँकार्यपालिकाबाट भएको निर्णय कार्यान्वयन गर्ने यो मापदण्ड तयार गरिएको छ ।

१. संक्षिप्तनाम र प्रारम्भ : (१) यस मापदण्डका नाम असङ्गठित क्षेत्रमा कार्यरत श्रमिकवर्ग तथा असहायहरुलाइ उपलब्ध गराईने राहत वितरण सम्बन्धी मापदण्ड २०७६ रहेको छ ।

(२) यो मापदण्ड सिम्ता गाउँकार्यपालिकाले लकडाउन घोषणा गरेको अवधिसम्मको लागीलागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेकामा यस मापदण्डमा

(क) “असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग” भन्नाले दैनिक रुपमा कामकाज गरी पटके वा दैनिक ज्याला आम्दानी गर्ने दफा ४ बमोजिमका श्रमिक कामदार तथा मजदुर सम्झनु पर्छ ।

(ख) “असहाय” भन्नाले कसैको लालनपालनमा नरही अशक्त तथा आवास विहिनभई मन्दिर, आश्रम, धर्मशाला, गुम्बा, मस्जिद, गुरुद्वारा, चर्च वा बृद्धाश्रममा बस्ने व्यक्ति सम्झनु पर्छ ।

(ग) “राहत” भन्नाले सिम्ता गाउँकार्यपालिकाबाट निर्णय भएबमोजिम सिम्ता गाउँपलिकाले दफा ३ बमोजिमको सामाग्री सम्झनुपर्छ ।

(घ) “स्थानीय” तह भन्नाले सिम्ता गाउँपालिका सम्झनुपर्छ ।

३. अभिलेख राखुपर्ने: (१) यस मापदण्ड बमोजिमको राहत देहायका श्रमिकवर्ग तथा असहायहरुलाई प्रदान गर्न सम्बन्धित वडा कार्यालयले अभिलेख तयार गर्नुपर्नेछ:

(क) पसलबाट ग्राहकको घरसम्म सामान ओसार पसार गर्ने श्रमिक,

(ख) पर्यटक भरिया, निर्माण सामाग्री भरिया तथा सवारी साधन नचल्ने, बाटोमा आवश्यक बस्तुहरु ओसारपसार गर्ने व्यक्ति,

(ग) ट्रक, ट्रिपर, भ्यानबाट सामानलोड अनलोड गर्ने श्रमिक,

(घ) अन्य व्यक्तिको खेतवारीमा दैनिक ज्यालालिने गरी काम गर्ने कृषि मजदुर,

(ङ) आफ्नो नातेदार बाहेकको व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाई, शिशु तथा ज्येष्ट नागरिक स्याहार जस्ता सेवा गर्ने व्यक्ति,

(च) गिटी कुट्ने, बालुवा चाल्ने तथा ईटा भट्टामा काम गर्ने मजदुर

(छ) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी, हेल्पर लगायतका मजदुर,

(ज) नाङ्लो पसले, दैनिक रुपमा पत्रिकावितरक साना फुटपाथ पसले, ठेला गाडा तथा साइकिलमा सामान बिक्री वितरण गरी गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने मजदुर,

(झ) देहायका यातायात मजदुर:

(१)अन्य व्यक्तिको मालबाहक सवारी तथा डेलीभरी भ्यान चलाउने सवारी चालक सहचालक

(२) दैनिक ठेक्का वा ज्यालामा टयाक्सी तथा टेम्पो चलाउने सवारी चालक,

(३) रिक्सा तथा ठेलागाडा चालक,

(४) सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर ।

(ञ) अन्य व्यक्तिको गार्मेन्ट, कार्पेट, टेलरिङ, गलैचा, बुट्टा तथा जर्ती भर्ने र कपडा पसलमा दैनिक ज्यालादारीमा काम गर्ने मजदुर ।

(ट) स्थानीयतहमा दैनिकज्यालादारीमा काम गर्ने अन्य व्यक्ति ।

(२) यस दफाबमोजिमको राहतपाउने परिवार तथा व्यक्तिको अभिलेख अनुसुची-१ बमोजिम सम्बन्धित वडा सचिवले वडा सदस्य तथा वडा अध्यक्षको सहयोग लिई तीन दिन भित्र तयार गरी सार्वजनिक गर्नु पर्नेछ ।

४. राहत वितरण गर्नुपर्नेः दफा ३ बमोजिमको लगतमा समावेश भएको श्रमिकवर्ग तथा असहायहरुलाई सम्बन्धित वडाले अनुसुची २ बमोजिमको ढाँचा विवरण राखि दफा ५ बमोजिमको राहत तत्काल वितरण गर्नु पर्नेछ ।

५. राहत सामाग्रीः (१) खाद्य आवश्यकताको आधारमा श्रमिकवर्ग तथा असहायहरुलाई प्रति परिवारका लागि देहायका सामाग्री राहत स्वरुप वितरण गरिनेछः

(क) चामल ३० किलोग्राम

(ख) दाल ३ किलोग्राम

(ग) नुन २ पाकेट

(घ) खाने तेल २ लिटर

(ङ) साबुन ४ वटा

(च) चिनी २ किलोग्राम

(२) यस मापदण्ड बमोजिम राहत वितरण गर्दा एक परिवारलाई एक इकाई मानी सम्बन्धित वडाले अभिलेख कायम गर्नुपर्नेछ । साथै, परिवार संख्या कायम गर्दा दुई जना सम्म भए, उपदफा (१) बमोजिमको राहत सामाग्रीको आधा र सो भन्दा बढी परिवार संख्या भए पुरै राहत सामाग्री वितरण गरिनेछ ।

(३) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि श्रमिक वर्ग तथा असहाय तथा तिनसँग सँगै रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै बैकल्पिक आयआर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत वितरण गरिने छैन ।

(४) यस मापदण्ड अन्यत्र जुनसुकै कुरा लेखिएको एकै परिवारको एकभन्दा बढी सदस्यलाई राहत सामाग्री वितरण गरिने छैन ।

(५) उपदफा (१) बमोजिम वितरण गरिने राहत सामाग्री कुनै परिवारमा परिवार सदस्य संख्या ८ जना भन्दा बढी भएमा दुई गुणाका रुपले वितरण गरिने छ ।

**६. वितरण गर्ने विधिः** (१) देहायको विधि अवलम्बन गरी दफा ५ बमोजिमको राहत सामाग्री वितरण गर्नु पर्नेछः

(क) राहतवितरण्को लागि सम्बन्धित वडा समितिले सामाग्री खरिद गरी वितरण गर्ने ।

(ख) सम्बन्धित वडा समितिले हुन सक्ने सम्भाव्य भिड तथा अन्य व्यवस्थापकीय समस्याका कारणले वडा समितिबाट वितरण गर्न नसक्ने अवस्था भएमा देहाय बमोजिम गर्नेः

(१) सिम्ता गाउँपालिकाले आफ्नो क्षेत्र भित्रदफा ५ बमोजिमको सामाग्री उपलब्ध गराउन सक्ने स्थानीय आपूर्तिकर्ताबाट मूल्य सूचीलिई सोको आधारमा सामाग्रीको गुणस्तर तथा मूल्ययकिन गर्ने र उपलब्धभए सम्मका आपूर्तिकर्ता छनौट गर्ने ।

(२) दफा ३ बमोजिमको लगतमा परेका श्रमिकवर्ग तथा असहायहरुलाई वडा सदस्य वा अध्यक्षले कुपन उपलब्ध गराई उपखण्ड (१) बमोजिमको आपूर्तिकर्ताबाट राहत सामाग्री उपलब्ध गराउने ।

७. राहत वितरणको अभिलेख र प्रतिवेदनः (१) सम्बन्धित वडाले वितरणको अनुसुची-२ बमोजिमको राहत विवरणको अभिलेख आफ्नो कार्यालयमा राखी साप्ताहिक रुपमा सर्वाजनिक गर्नु पर्नेछ र एक प्रति सिम्ता गाउँपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

(२) सिम्ता गाउँपालिकाले राहतको प्रतिवेदन अनुसुची ३ बमोजिमको ढाँचामा पाक्षिक रुपमा राष्ट्रि परिचयपत्र तथा पञ्जिकरण विभाग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले राहत वितरणको नियमित अनुगमन गर्नेछ ।

८. कारवाही सम्बन्धी व्यवस्थाः (१) यस कार्यविधिमा तोकिएको मापदण्ड पूरा नभएका व्यक्तिले झुट्टा विवरण पेश गरी राहतलिनु वा दोहोरो राहत लिनुहुँदैन ।

(२) यस कार्यविधिको प्रतिकुलहुने गरी राहत वितरण्को लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानुन बमोजिम कारवाही गरी त्यसतो सिफारिस गर्ने पदाधिकारीबाट निजले सिफारिस गरेको हद सम्मको रकम सिम्ता गाउँपालिकाले निजबाट असुल गर्नु पर्नेछ ।